# टोल विकास तथा सुधार समिति गठन तथा सञ्चालन कार्यविधि २०७६

साकेला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मार्भञ्ज्याङ, खोटाङ

माकेरा गाउँकार्यपालिकाको बैठकबाट मिति २०७६/०५/१० मा पारित **"टोल विकास तथा सुधार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७६"** नियमानुसार स्वीकृत गर्दछु ।

मिति: २०७६/०५/११

अर्जुनकुमार खडका

अध्यक्ष

# टोल विकास तथा सुधार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७६

१ प्रस्तावनाः

सामूदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक, आर्थिक विकास तथा स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहतमा रही वडा समितिलाई सघाउ पुर्याउने हेतु गठन गरिने टोल विकास तथा सुधार समिति र सम्बन्धित संस्थाको कामलाई व्यवस्थित गर्न आवश्यक भएकोले साकेला गाउँ कार्यपालिकाले टोल विकास तथा सुधार समिति गठन तथा संचालन कार्यविधि २०७६ तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

२ संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम टोल विकास तथा सुधार समिति गठन तथा सञ्चालन कार्यविधि २०७६ रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

३ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा;

क) "टोल विकास तथा सुधार समिति" भन्नाले गाउँपालिका भित्रका प्रत्येक वडामा गठित टोल विकास तथा सुधार समितिलाई सम्झनु पर्दछ ।

ख) "टोल" भन्नाले परमपरागत रुपमा विभिन्न नामबाट पहिचान हुँदै आएका टोल वस्तीलाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले साकेला गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "गाउँ कार्यपालिका" भन्नाले साकेला गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्दछ ।

च) "अध्यक्ष" भन्नाले टोल विकास तथा सुधार समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

छ) "उपाध्यक्ष" भन्नाले टोल विकास तथा सुधार समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ज) "सचिव" भन्नाले टोल विकास तथा सुधार समितिको सचिवलाई सम्झनु पर्दछ ।

झ) "सह-सचिव" भन्नाले टोल विकास तथा सुधार समितिको सह-सचिवलाई सम्झनु पर्दछ ।

ञ) "सदस्य" भन्नाले टोल विकास तथा सुधार समितिको सदस्यलाई सम्झनु पर्दछ ।

ट) "वडा अध्यक्ष" भन्नाले साकेला गाउँपालिकाको जन निर्वाचित भएका वहालवाला वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## उद्‌देश्य

४ उद्‌देश्यः टोल विकास तथा सुधार समिति गठन गर्नुको मूख्य उद्‌देश्य देहायानुसार रहेको छ ।

१. टोल, वस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवाहरुमा टोलवासीहरुको सहज पहुँचको अभिवृद्धि गर्ने ।
२. टोलवासीहरुमा उद्‌यमशिलताको विकास गराई टोल स्तरमा लघु उद्‌यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।
३. टोल वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्‌भाव समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।
४. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनको प्रवर्ध्दनमा टेवा पुर्याउने ।
५. विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा आवश्यक समन्वय र सहयोग गर्ने ।
६. टोल विकास तथा सुधार समितिलाई सहभागितात्मक योजना तर्जुमा तथा अनुगमन एवं मूल्याङ्कन प्रकृयामा सहभागी गाराई सुशासनमा अभिवृध्दि ल्याउने ।
७ टोलको समग्र विकासका लागि वडा समितिलाई कार्यक्रम तय गर्न मद्दत गर्ने ।
८. वातावरण मैत्री, बाल मैत्री, अपाङ्ग मैत्री, महिला मैत्री गाउँपालिका निर्माणमा आवश्यक सहयोग गर्ने ।
९. आफ्नो टोलको विकास आफैं गर्नु पर्छ भन्ने विषयमा सामूहिक भावनाको विकास गर्ने/गराउने ।
१०. अन्धविस्वास, कुरीति, कु-सँस्कार, मध्यपान, धुम्रपान, जुवातास जस्ता सामाजिक विकृतिलाई हटाउन भूमिका निर्वाह गर्ने ।

## परिच्छेद -३

## गठन तथा दर्ता सूचिकृत

५ टोल विकास तथा सुधार समितिका गठनः

१. टोल विकास तथा सुधार समितिको गठन गर्दा सम्वन्धित टोल बस्तीको कम्तिमा ९० प्रतिशत घरधुरीको उपस्थितिमा आम भेला गराउनु पर्नेछ ।

२. उप-दफा (१) बमोजिमको भेलाले अध्यक्ष -१, उपाध्यक्ष -१, सचिव -१, सह-सचिव -१ र आवश्यकता अनुसार सदस्य रहने गरी टोल विकास तथा सुधार समितिको गठन गर्नेछ ।

३. उप-दफा (२) को प्रयोजनको लागि एक घरधुरी बराबर एक सदस्य मात्र छनौट गर्नु पर्नेछ ।

४. अध्यक्ष, उपाध्यक्ष र सचिव मध्ये १ जना अनिवार्य महिला हुनु पर्दछ । र कम्तिमा ३३ प्रतिशत सदस्यहरु महिला हुनु पर्दछ ।

५. सामान्यतः समितिको गठन आम भेलाको सर्वसम्मत निर्णयबाट गर्नु पर्दछ । यदि सर्वसम्मत निर्णय हुन नसकेमा बहुमतको निर्णयबाट समितिको गठन गरिनेछ ।

६. समितिको कार्यकाल २ वर्षको हुनेछ ।

७. टोल विकास तथा सुधार समिति समुदायमा आधारित संगठन (Community Based Organization) हो ।

६ दर्ता/सूचिकृतः टोल विकास तथा सुधार समितिको दर्ता/सूचिकृत प्रकृया देहाय अनुसार हुनेछ ।

१. टोल विकास तथा सुधार समितिको बैठकमा सर्वसम्मत निर्णय गराई सम्वन्धित गाउँ कार्यपालिकामा दर्ता/सूचिकृतको लागि निवेदन पेश गर्नु पर्नेछ । टोल विकास तथा सुधार समितिलाई गाउँ कार्यपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्नु पर्ने निवेदनको नमूना अनुसूची -१ मा उल्लेख गरिएको छ ।

२. टोल विकास तथा सुधार समितिबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्वन्धित गाउँ कार्यापालिकाले अनुसूची -२ बमोजिमको ढाँचामा टोल विकास सुधार समितिलाई दर्ता/सुचिकृत प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

३. टोल विकास तथा सुधार समिति दर्ता/सुचिकृत गर्दा आवश्यक पर्ने कागतपत्रः
   - भेलाको निर्णय प्रतिलिपि थान -१
   - कार्य समितिको बैठकको निर्णय प्रतिलिपि थान -१
   - वडा कार्यालयको सिफारिस ।
   - अध्यक्ष, उपाध्यक्ष, सचिव र सह सचिवको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान -१

४. टोल विकास तथा सुधार समितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा सम्बन्धित वडाको सिफारिसमा गाउँ कार्यपालिकाले टोल विकास तथा सुधार समितिको दर्ता/सूचिकृत खारेज गर्न सक्नेछ । यसरी खारेज भए पछि सो स्थानमा नयाँ टोल विकास तथा सुधार समितिको गठन हुनेछ ।

## परिच्छेद -४

## काम, कर्तव्य र अधिकार

७ टोल विकास तथा सुधार समितिको काम, कर्तव्य र अधिकार: टोल विकास तथा सुधार समितिको आफ्नो टोल क्षेत्रभित्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१. धनी गरीवको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र प्राप्त श्रोत साधनमा समान अधिकारको अवसर सिर्जना गर्ने ।

२. उपभोक्ता समितिको गठन तथा परिचालनमा वडा कार्यालयलाई सहयोग गर्ने ।

३. विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

४. उद्यम विकाससँग सम्वन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

५. टोलमा सडक, ढल, विद्युत लगायतका पूर्वाधारको संरक्षण कार्यमा सहयोग जुटाउने ।

६. टोलको विकासका लागि विभिन्न निकायबाट प्राप्त श्रोतको निर्दिष्ट उद्देश्य मुताबिक उपयोग गर्ने कार्यमा सहयोगिको भूमिका निर्वाह गर्ने ।

७. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास तथा सुधार योजना तर्जुमा गर्ने ।

८. एच.आई.भी. एड्स, अन्ध विस्वास, वाल विवाह, वहु विवाह, मादक पदार्थ सेवन, जुवातास जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

९. सहभागितात्मक योजना तर्जुमा गर्दा, प्राथमिकताको आधारमा योजनाहरुको पहिचान गरी वडा समितिमा सिफारिस गर्ने ।

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालित योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११. आफ्नो वडा तथा टोललाई वातावरण मैत्री, वाल मैत्री, महिला मैत्री, अपाङ्ग मैत्री वनाउने खालका कार्यक्रमहरु संचालन गर्न मद्दत पुर्याउने ।

१२. टोलमा भवन निर्माण मापदण्ड बमोजिमको घर निर्माण, सामाजिक सुरक्षा भत्ता आदि जस्ता सामाजिक सरोकारका विषयहरुमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने/गराउने कार्यमा सहयोगिको भूमिका निर्वाह गर्ने ।

१३. टोलमा रहेका सार्वजनिक पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१४. गाउँपालिकाको राजश्व संकलन तथा परिचालनमा सहयोग पुर्याउने ।

१५. गाउँ कार्यपालिकासँग भएको समझदारी अनुसार अन्य कार्यहरु गर्ने ।

१६. टोलमा सबै निकायहरुबाट सञ्चालन हुने योजना तथा कृयाकलापाहरुमा अर्थपूर्ण जनसहभागिता जुटाउनका लागि सहयोग पुर्याउने ।

१७. टोलमा आईपर्ने प्राकृतिक विपदबाट बच्नका लागि टोल स्तरीय विपद् योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## परिच्छेद -५

## बैठक सम्बन्धी व्यवस्था

८ टोल विकास तथा सुधार समितिको कार्य समितिको बैठकः टोल विकास तथा सुधार समितिको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१. टोल विकास तथा सुधार समितिको बैठक सामान्यतः महिनामा एक (१) पटक वस्नेछ । तर आवश्यकता परेमा जुनसुकै बेला पनि बैठक वस्न सक्नेछ ।

२. अध्यक्षको निर्देशनमा सचिवले बैठक वोलाउनेछ । बैठक वोलाउदा कम्तिमा ५ दिन अगावै बैठकको कार्यसूची, स्थान, मिति र समय समेत सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

३. टोल विकास तथा सुधार समितिको बैठकमा निर्णय गर्दा सम्भव भए सम्म सर्वसम्मतबाट निर्णय गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेमा कम्तिमा उपस्थित सदस्य संख्याको बहुमतबाट निर्णय गर्न सकिनेछ ।

४. समितिको बैठकमा गाउँपालिकाको सम्वन्धित वडाका जनप्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

५. सचिवले समितिको बैठकको निर्णयहरु बैठक पूस्तिकामा लेखी बैठकको अध्यक्ष लगायत उपस्थित सदस्यहरुबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ ।

९ टोल विकास तथा सुधार समितिको गणपुरक संख्याः

१. समिति सदस्यहरु मध्ये कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभएसम्म बैठक वस्न सक्ने छैन ।

२. सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

ङ) समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकारः

१. समितिको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने । निर्वाचनमा भाग लिने वा मतदान गर्ने ।

२. समितिको बैठकमा उपस्थित भई अर्थपूर्ण सहभागिता जनाउने ।

३. समितिको निर्णयनुसार प्राप्त जिम्मेवारी बहन गर्ने ।

४. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

## परिच्छेद -७
## आर्थिक व्यवस्था

११ टोल विकास तथा सुधार समितिको प्रशासनिक व्यवस्थापनका लागि प्रत्येक टोल विकास तथा सुधार समितिलाई गाउँ कार्यपालिकाबाट बार्षिक रुपमा एकमुष्ट रकम रु. २०००।- (अक्षेरेपी दुई हजारमात्र) अनुदानको रुपमा उपलब्ध हुनेछ । यसरी प्राप्त भएको रकमबाट टोल विकास तथा सुधार समितिको बैठट सञ्चालनमा आवश्यक पर्ने स्टेशनरीमा खर्च गर्नु पर्नेछ । यसरी प्राप्त भएको रकमको खर्च विवरणको विल भरपाई सहित गाउँ कार्यपालिकाको कार्यालयमा आ.व. समाप्ती अगावै पेश गर्नु पर्नेछ ।

## परिच्छेद -८
## विविध

१२ वाधा अड्काउः

१. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

## परिच्छेद -९
## खारेजी र बजाउ

१३ खारेजी र बजाउः

१. टोल विकास सुधार समिति कार्यविधि, २०७४ लाई पूर्ण रुपले खारेज गरिएको छ ।

२. यस कार्यविधि लागू हुनु भन्दा अगाडि यस सम्बन्धमा भए गरेका सम्पूर्ण काम कार्यवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१
कार्यविधिको दफा ६ (१) सँग सम्वन्धित
साकेला गाउँ कार्यपालिका
निवेदनको नमूना

मितिः २०......।....।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
साकेला गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्याङ, खोटाङ ।

विषयः टोल विकास तथा सुधार समिति दर्ता/सुचिकृत सम्वन्धमा ।

उपरोक्त विषयमा मिति २०......।......।...... गते बसेको ....................................... टोल विकास तथा सुधार समितिको कार्य समितिको बैठकले साकेला गाउँ कार्यपालकाको कार्यालय मानेभञ्याङमा समिति दर्ता/सुचिकृत गर्ने निर्णय गरेको हुँदा देहायका कागतपत्र सम्लग्न राखी निवेदन पेश गरिएको हुनाले यस समितिलाई दर्ता/सुचिकृत गरिदिनहुन अनुरोध छ ।

१. भेलाको निर्णय प्रतिलिपि थान -१
२. कार्य समितिको बैठकको निर्णय प्रतिलिपि थान -१
३. वडा कार्यालयको सिफारिस ।
४ अध्यक्ष, उपाध्यक्ष, सचिव र सह सचिवको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान -१

निवेदकः

..................................................

अध्यक्ष

... ... .............. टोल विकास तथा सुधार समिति

साकेला गाँउपालिका वडा नं. .............

..................................................

अनुसूची -२
कार्यविधिको दफा ६ (२) सँग सम्बन्धित
<u>दर्ता/सुचिकृत प्रमाणपत्रको</u>

आ.ब. :
<u>दर्ता/सुचिकृत प्रमाणपत्र नं.:</u>

मितिः ......|......|........

साकेला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ ।

टोल विकास तथा सुधार समिति गठन तथा सञ्चालन कार्यविधि २०७६ को दफा ६ को उपदफा (२) बमोजिम वडा समितिको प्रत्यक्ष निर्देशनमा रही टोलको विकास तथा सुधारका विभिन्न कार्यहरु गर्न .................................................. टोल विकास तथा सुधार समिति, साकेला गाउँपालिका वडा नं. : .......... लाई यो दर्ता/सुचिकृत प्रमाणपत्र प्रदान गरिएकोछ । टोल विकास तथा सुधार समितिको कार्यविधि २०७६ को अधिनमा रही कार्य गर्नु होला ।

प्रमाणपत्र दिनेको:-
दस्तखतः-
नामः-
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः-
कार्यालयःसाकेला गाउँ कार्यपालकाको कार्यालय